दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३६ | अंक २०७ | बुटवल | २०८१ साउन ०९, गते बुधबार | नेपाल संवत ११४४ | Wednesday July 24, 2024 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

# मृत्युको मुखबाट बाँचेका मुख्यमन्त्री

**मुख्यमन्त्री चेतनारायण आचार्य १३ वर्षअघि क्यान्सरसहित विभिन्न ७ थरि रोगसँग लड्दालड्दै जीवनसँग हार खाएर मृत्युलाई स्वीकार्न तयार भएका थिए । दिल्लीको मेदान्त अस्पतालको उपचार छाडेर रजहरको प्राकृतिक चिकित्सालयमा गरेको उपचारबाट उनले पुनर्जीवन पाएका हुन् ।**

**लुम्बिनी संवाददाता**
*बुटवल*

लुम्बिनी प्रदेशको छैटौं मुख्यमन्त्रीका रुपमा सोमबार नियुक्त भएका मुख्यमन्त्री चेतनारायण आचार्यको राजनीतिक उचाइ बाहिरबाट हेर्दा धेरैलाई जति सहज लाग्छ, उनको विगत भने दुःख, संघर्ष र कठिनाइका लामा श्रृखंला छन् । अझ मृत्युको मुखमा पुगेर पुनर्जीवन पाएका व्यक्ति हुन्, उनी ।

उनी १३ वर्षअघि विभिन्न ७ थरि रोगसँग लड्दा लड्दै जीवनसँग हार खाएर मृत्युलाई स्वीकार्न तयार भएका थिए । २०६८ साल ताका मुख्यमन्त्री आचार्य मुटु, कलेजो, मिर्गौला, उच्च रक्तचाप, मधुमेह, युरिक एसीड, अल्सर र निद्राको गरी १९ थरि औषधि सेवन गर्थे । नेपालका विभिन्न अस्पतालदेखि भारतको मेदान्तसम्म उपचारका लागि धाए, ख्यातिप्राप्त मेदान्त अस्पतालले पनि आचार्यको रोग निको हुने ग्यारेन्टी गर्न नसकेपछि उनले बाँच्ने आशा मारे । तर भाग्य वा संयोगले मेदान्त अस्पतालमा हुन नसक्ने उपचार कसैले पूर्वी नवलपुरको रजहरस्थित प्राकृतिक चिकित्सालयमा सम्भव हुन्छ भनेर भन्यो, उनी त्यहाँ पुगे । त्यहाँ पुगेर उपचार गरेपछि उनले पुनर्जीवन पाए ।

**यस्तो छ कथा :**

२०६८ साल मंसिर २३ गते राति १ बजेतिर सन्धिखर्कस्थित आफ्नै निवासमा अचानक बेहोस आचार्य भोलिपल्ट दिउँसो १२ बजे मात्र होसमा आएका थिए । उनलाई उपचारका लागि भैरहवा मेडिकल कलेजमा लगियो । २ दिनसम्म पनि रोगको पहिचान हुन नसकेपछि काठमाडौं अन्नपूर्ण न्यूरो अस्पतालमा लगियो । । त्यहाँ ७ दिनसम्म डाइग्नोसिसका क्रममा सबै उपकरणहरू प्रयोग भयो । तर रोग पत्ता लागेन । पछि एमालेका तत्कालीन केन्द्रीय नेता रामनाथ ढकालको अगुवाइमा न्यूरो अस्पताल बाँसबारी पुगे । त्यहाँ पनि चित्त बुझ्दो डाइग्नोसिस हुन नसकेपछि जगदिश अग्रवाल कहाँ गए । तर तीन जना डाक्टरको तीन थरि कुरा आएपछि अन्तिममा आचार्य भाइ गुणनिधि र ज्वाँइ रामप्रसादको साथमा दिल्लीको मेदान्त अस्पतालमा पुगे । आचार्यका अनुसार, त्यहाँको डाइग्नोसिसपछि टेपवर्म रोग पत्ता लाग्यो र करिब ५ वर्ष त्यसैको औषधि सेवन गर्न थाले । औषधि खान सुरु गरेको २ वर्षपछि उनलाई सुगर र प्रेसर देखियो । त्यसपछि शरीरमा अस्वभाविक मोटोपन वृद्धि भयो, एकपटक गरेको पायल्सको अपरेसन फेरि सुरु भयो र त्यसले झनझन सताउन थाल्यो । औषधिकै कारण कलेजो कमजोर हुन पुग्यो । पेटको समस्या पनि एकदमै बल्झिएर गयो । टेपवर्मको औषधिसँगै प्रेसर (१२५/१९५ सम्म) सुगर फास्टीङमा (झण्डै २०० सम्म) युरीक एसिड, पेट र कलेजोको औषधि खान थाले, तर पनि स्वास्थ्य स्थिति नाजुक बन्दै गयो ।

उनले २०७१ माघदेखि काठमाडौँमा नै रहेर उपचार गर्न थाले । पटक-पटक दिल्ली जाने फर्कने प्रक्रिया चलिरह्यो । अचानक २०७२ साल बैशाख २६ गते घरैमा बेहोस भए । २७ गते पनि त्यही प्रक्रिया दोहोरिएपछि भाइसँग बुटवल झरे अनि खर्चको व्यवस्था गरी २९ गते काठमाडौंतिर लागे । ३० गतेदेखि काठमाडौंमा मृर्गौला रोग विशेषज्ञको परामर्शमा डाइलाइसिस प्रकृयामा गए । चौथो पटकसम्म डाइलाइसिस गरे । र पछि औषधि खाँदै दिल्लीतर्फ २०७२ श्रावणमा गए । सुरुमा राजस्थानको ग्लोबल अस्पतालमा चेकअप गराए ।

तर उक्त अस्पतालले मेदान्त अस्पतालले हेरेको केसमा आफूले हात नहाल्ने भन्यो । केबल पायल्सको औषधि बदलेर रक्तश्राब रोक्न खोजियो, तर रोकिएन र फेरि दिल्ली फर्किएर मेदान्त अस्पतालमामा नै उपचार सुरु गरे । रिपोर्टअनुसार मिर्गौला बदल्नु पर्ने, मुटुको २ वटा भल्व बदल्नु पर्ने, पायल्सको अपरेशन गर्नुपर्ने, नाकमा मासु पलाएकोले देब्रे नाकको डाँडी बाङ्गो भएकोले त्यसको पनि अपरेशन गर्नुपर्ने, दाँतको स्ट्र्याण्ड राख्नु पर्ने, २० वर्षभन्दा पहिलेदेखिको ढाडमा मासुको गिर्खा बढ्दै दुख्न थालेकाले त्यसलाई मेदान्त अस्पतालले क्यान्सर भन्यो । पहिले त्यसको अपरेशन गरेर क्रमशः विद्युतीय पद्धतिद्वारा सेक्नु पर्ने भन्यो र भाद्र १ गते बिहीबार अपरेशन गर्न बिहान ८ बजे भर्ना हुन डाक्टरले भने । अपरेशन र सेकाइको लागि एक लाख २५ हजार खर्च लाग्ने भयो, पैसा त जुटाउन तयार भए, तर करीब ६/७ वटा अपरेशन गर्नुपर्ने जस्तो अवस्था देखिएकाले उनलाई डर र चिन्ता लाग्यो ।

आचार्य श्रीमतीसँग टोलाएर मेदान्त अस्पतालको फूलबारीमा बसिरहेका थिए, अचानक नेपालबाट बहिनी ज्वाँइले फोन गरे । बहिनीलाई बाथको कारणले उपचारको लागि सामुदायिक प्राकृतिक चिकित्सालय रजहरमा भर्ना गरी बसेको बेला फोन आयो । स्वास्थ्य अवस्थाको बारेमा सबै जानकारी पाएपछि अपरेशन नगरिकनै त्यस्ता प्रकृतिका कतिपय रोगीहरू रजहरमा ठिक भएका छन् भनेर किड्नीको बिरामी रूपन्देही मणीग्रामका खिमानन्दको उदाहरण दिँदै रजहर आउन सुझाए ।

अपरेशनतिर लाग्नु भनेको तुरून्त मृत्युलाई निम्त्याउनु हो भन्ने ठानी श्रीमतीसँग सल्लाह गरी नेपाल फर्कने निश्चित गरे । भाद्र १ गते बिहीबारको अपरेशन छाडेर दिल्लीबाट नेपाल फर्किए । २ गते बिहान गोरखपुर हुँदै सुनौली आइ दिनभरी त्यहाँ बसे । त्यति बेला नेपाल बन्दका कारण त्यहाँ आएको १२ घण्टापछि प्रहरीको स्कर्टिङ्गमा नवलपरासीको रजहरस्थित प्राकृतिक चिकित्सा अस्पताल पुगे । भाद्र महिना भएकोले पानी ठूलै परेको थियो, शरीर थकित थियो । आफ्नो निम्तिभन्दा पनि अरू कसैलाई खुसी दिनको लागि मात्र त्यहाँ गएको छु, किनकि मलाई निको हुनेवाला छैन भन्ने आचार्यले मनमा थियो । उनले बिहान १९ थरि, दिउँसो १४ थरि, साँझ १९ थरि औषधि सेवन नियमित गरिराखेको थिए । पायल्सको लागि २ थरि मलम पनि प्रयोग गर्दै आएका थिए । त्यस दिन साँझको औषधि कोठामा आएर खाए, निद्राको औषधि खाएर पनि निद्रा परेन ।

» बाँकी ३ पेजमा



## शपथ आज

बुटवल । लुम्बिनी प्रदेशका नवनियुक्त मुख्यमन्त्री चेतनारायण आचार्यको शपथ तथा पदभार ग्रहण आज बुधबार हुने भएको छ ।

प्रदेश प्रमुख कार्यालयका प्रवक्ता धर्मा अर्याल बेलबासेका अनुसार बुधबार बिहान ८:३० बजे शपथ तथा पदभार ग्रहण कार्यक्रम तय गरिएको छ । बुटवलस्थित प्रदेश प्रमुखको कार्यालयमा शपथग्रहण हुने भएको हो । कांग्रेस र एमालेका ५६ सांसदको समर्थनमा एमाले संसदीय दलका उपनेता आचार्यलाई सोमबार मुख्यमन्त्री नियुक्त गरिएको हो ।

प्रदेश प्रमुख अमिक शेरचनले अर्घाखाँची क्षेत्र नं १ (१) बाट निर्वाचित आचार्यलाई मुख्यमन्त्री नियुक्त गरेका हुन् । संसदमा एमालेका २९ र कांग्रेसका २७ सांसद छन् । संसदीय दलका नेतालाई रोकेर उपनेता आचार्यलाई मुख्यमन्त्री बनाउने एमाले शीर्ष नेतृत्वको निर्णयप्रति दलका नेता लिला गिरी भने असन्तुष्ट छन् ।

# मणिमुकुन्द सेन दरबार र पार्क हस्पिटालिटी सेन्टर बनाउने योजना



**लुम्बिनी संवाददाता**
*बुटवल*

बुटवलको मणिमुकुन्द सेन उद्यान ( फूलबारी ) लाई थप आकर्षक र पर्यटकको रोजाइको थलो बनाउन विभिन्न योजना अघि सारिएको छ । फूलबारीमा मणिमुकुन्द सेन राजाको दरबार तथा संग्रहालय, पार्क हस्पिटालिटी सेन्टरलगायत संरचना बनाउने योजना छन् । पार्क हस्पिटालिटी सेन्टर नेपालमै नौलो हुनेछ । कुडुले घर रहेको ठाउँमा नेपाली मौलिक संस्कार, संस्कृति, पाहुनालाई गरिने नेपाली सत्कार, भेषभुषा आदि पर्यटकलाई पस्केर नेपाली संस्कार र संस्कृति जगेर्ना गरिने छ ।

मणिमुकुन्द सेन उद्यान संरक्षण समितिले मंगलबार पत्रकारहरुसँग एक अन्तरक्रिया गर्दै उद्यानको संरक्षण र विकासका लागि हालसम्मका प्रयास र आगामी कार्ययोजनाबारे समेत जानकारी गराएको छ । अध्यक्ष माधव नेपालले मणिमुकुन्द सेन उद्यानको विकासका लागि दीर्घकालीन योजना र रणनीति बनाएर काम गरिएको बताए । संघ, प्रदेश र स्थानीय सरकारसँग मिलेर विभिन्न क्षेत्रको सुझावलाई समेत मध्यनजर गर्दै विकासका काम अगाडि बढाइएको उनले बताए । तर पुरातत्व विभागका कारण मणिमुकुन्द सेन दरबारको भग्नावशेष संरक्षणमा समस्या आएको उनले जनाए ।

समितिका महासचिव युवराज घिमिरेले गत आर्थिक वर्षमा फूलबारीमा ३ करोड ७३ लाख ६१ हजार ८७४ रुपियाँ आम्दानी भएको , ३ करोड ३७ लाख १४ हजार ६ रुपियाँ खर्च भएको र कुल खर्चमध्ये ७२ दशमलव ५ प्रतिशत विकास निर्माण, चिडियाखाना र बगैचा व्यवस्थापनमा भएको छ भने २७ दशमलव ५ प्रतिशत प्रशासनिक खर्च भएको जानकारी दिए ।

गएको वर्ष फूलबारीमा शिवालय मन्दिर निर्माण, भुइमा ढुंगा लगाउने काम तथा गेट निर्माण, २७ हजार ५०० फूट दुवो रोपण, स्काई साइकल नजीक टायल, ट्रष्ट र काउन्टर निर्माण, बँदेल तथा अष्ट्रिचको खोर निर्माण, कुँडुले घर निर्माणलगायतका विभिन्न कामहरु भएको घिमिरेले बताए । यसैगरी मायादेवी, गौतमबुद्ध, मणिमुकुन्द सेन, उजिरसिंह थापा, यादवनाथ आलोक, लखन थापा, दशरथ चन्द, तारापति भट्टराई, बसिर मिया, जीवराज आश्रित, सूर्यप्रसाद घिमिरे र चोकबहादुर गुरूङलगायतका अर्धकदका शालिक राखेर 'बुटवल स्मारक' निर्माण गरिएको छ ।

उनका अनुसार आगामी वर्ष थप एउटा कुँडुले घर तथा पौडी पोखरी स्थापना, मणिमुकुन्द सेन सूचना केन्द्र निर्माण, जीप लाइनको संभाव्यता अध्ययन गरी कार्यान्वयन, नर्सरी स्थानान्तरण, सन्चो बिसन्चो केन्द्रलाई पूर्णतालगायतका कार्य गरिने छ ।

उद्यानमा आर्थिक वर्ष २०८०/८१ मा मात्रै झण्डै ७ लाख मानिस भ्रमण गर्न आएका र टिकट काटेर मात्र प्रवेश गर्नेको संख्या ५ लाख ४९ हजार ३९४ जना रहेका र यसमध्ये भारतीयहरुको संख्या १०.५ प्रतिशत अर्थात ५७ हजार २३० जना रहेको उद्यानका प्रमुख कार्यकारी अधिकृत अनन्त सिलवालले जानकारी दिए ।

» बाँकी ३ पेजमा

# ६ उद्योगमा काटिएको बिजुली जोडिने

बुटवल । डेडिकेटेड र ट्रंकलाइन विवादमा ६ वटा उद्योगमा काटिएको बिजुली नेपाल विद्युत् प्राधिकरणले जोडिदिने भएको छ । बिजुली महसुल विवादमा प्राधिकरणले २५ असारदेखि रिलायन्स स्पिनिङ मिल, घोराही सिमेन्ट, अर्घाखाँची सिमेन्ट, जगदम्बा स्टिल, जगदम्बा सेन्थेटिक र हुलास स्टिल गरी ६ उद्योगको लाइन काटेको थियो ।

मंगलबार बसेको विद्युत् प्राधिकरणको बोर्ड बैठकले ती उद्योगहरूमा बिजुली जोड्ने निर्णय गरेको हो ।

आगामी तीन महिनाभित्र उद्योगीहरूले बक्यौता महसुल भुक्तानी नगरेमा पुनः नियमअनुसार बक्यौता रकम असुली गर्ने सर्तमा प्राधिकरणले ती उद्योगहरूको बिजुली जोड्ने निर्णय गरेको हो ।

प्राधिकरण बोर्डले गरेको निर्णयमा सञ्चालकद्वय भक्तबहादुर पुन र कपिल आचार्यले भने फरक मत राखेको एक सदस्यले जानकारी दिए । उनीहरूले विद्युत् महसुल उठ्ने ग्यारेन्टी नभइ काटिएको लाइन जोड्न नहुने मत राखेको स्रोतले बतायो ।

यसअघि प्रधानमन्त्री केपी शर्मा ओलीले गत शुक्रबार लाइन जोडिदिन कार्यकारी निर्देशक कुलमान घिसिङलाई दिएको निर्देशन उनले अवज्ञा गरेका थिए ।

त्यसपछि आइतबार विद्युत् नियमन आयोगले प्राधिकरणलाई विवाद कायमै रहेको बखत लाइन काट्न नमिल्ने कानुनी व्यवस्था रहेको भन्दै काटिएको लाइन तत्काल जोडिदिन लिखित निर्देशन दिएको थियो ।

त्यति गर्दा पनि सोमबारको बोर्ड बैठकमा प्राधिकरणका कार्यकारी निर्देशक घिसिङले लाइन जोड्न मानेका थिएनन् । तर, मंगलबार पुनः बैठक बसेर लाइन जोड्ने निर्णय भएको हो ।

उद्योगमा काटिएको लाइन जोड्ने विषयमा संसदमा समेत सत्ता पक्ष र प्रतिपक्षबीच आरोप प्रत्यारोप चलिरहेको छ । प्रधानमन्त्रीसहित सत्ता पक्षका सांसदहरुले लाइन जोड्नुपर्छ भन्ने तर्क गरिरहेका छन् भने विपक्षी सांसदहरुले राज्यले लिनुपर्ने अर्बौं रकमबारे यकिन गरेर मात्र जोड्नुपर्ने बताउँदै आएका छन् ।



## सम्पादकीय

# घट्दो वैदेशिक रोजगारी र संभावित संकट

प्रमुख श्रम गन्तव्य देश कतार र मलेसियाले गरिरहेको श्रमिक कटौतीको प्रत्यक्ष असर नेपालमा देखिन थालेको छ । रोजगारीको अवसर खुम्चिँदै  श्रमका लागि विदेसिने नेपालीको संख्या घटिरहेको छ। गत आर्थिक वर्षमा मात्र रोजगारीका लागि विदेसिनेको संख्यामा ३.८९ प्रतिशतले कमी आएको छ।

विश्वव्यापी आर्थिक मन्दीले निर्यातमा आधारित मलेशियाको औद्योगिक प्रतिष्ठानमा चाहिने जनशक्ति कटौती अझैं बढ्दै जाने देखिन्छ। त्यहाँका कलकारखाना तथा सेवा क्षेत्रमा भएको व्यापक श्रम कटौतीले अहिले फर्कने व्यक्ति धेरै छन्, यहाँ जाने छैनन् । वैदेशिक रोजगार विभागका अनुसार आर्थिक वर्ष २०७९/०८० मा वैदेशिक रोजगारीमा जानेको संख्या ७ लाख ७१ हजार ३ सय २७ थियो। गत आर्थिक वर्षमा भने ७ लाख ४१ हजार २ सय ९७ मात्रै वैदेशिक रोजगारीमा गए। मलेशियासहित खाडी मुलुक नेपालीको प्रमुख रोजगार मुलुक हुन् । ती मुलुकमा क्रमशः रोजगार खुम्चिदै गएको बुझेको सरकारले युरोपका विभिन्न मुलुकसँग श्रम सम्झौताको तयारी गरिरहेको छ । तर खाडी र मलेशियामा जुन संख्यामा रोजगारीको लागि जनशक्ति गएको थियो, तत्काल युरोपका मुलुकमा जान सक्ने संभावना छैन ।

राष्ट्र बैंकका अनुसार, गत जेठसम्म रेमिट्यान्स आप्रवाह १३ खर्ब २७ अर्ब रुपैयाँ पुगेको छ । मुलुकको अर्थतन्त्रमा रेमिट्यान्सको महत्वपूर्ण योगदान छ । वैदेशिक रोजगारीमा जानेको संख्या घट्दै गएपछि हाम्रो अर्थतन्त्रमा पुनः संकट आउने देखिन्छ । रेमिट्यान्सको आर्जन घट्दै गएपछि त्यसको प्रभाव समाजमा बहुआयामिक पर्नेछ। युवाहरुलाई उत्पादनमूलक काममा लगाउने राज्यको प्राथमिकता नहुँदा गाउँ युवाविहीन भएका छन् । यहाँ अवसर र संभावना नदेख्ने प्रवृत्ति हावी हुँदैछ। समाजमा संभावना नदेख्ने प्रवृत्ति हावी हुनुको कारण हो, देशमै केही गर्न सकिन्छ, केही हुन्छ भन्ने विश्वास जगाउन नसक्नु । अब रोजगारीमा गएका मुलुकमा संकट देखिएपछि अब विदेशिएका युवा फर्कने संख्या बढ्दै गयो भने त्यसले समाजमा असन्तुष्टिको स्वर चर्को हुँदै जाने छ, त्यसले व्यवस्थामाथि नै जोखिम बढ्ने छ। यो अवस्थाबाट पार पाउन मुलुकमा लगानीको विस्तार गरी रोजगारी श्रृजना गर्न प्राथमिकता हुनुपर्छ । जलविद्युत्, पर्यटन, कच्चा पदार्थमा आधारित सिमेन्ट, औषधिसहित आइटी क्षेत्रको बृहत्तर विकासमा प्राथमिकता हुनुपर्छ ।

# ‘कानुन बमोजिम’ अधिकारको संकुचन



डा. टीकाराम पोखरेल

*नागरिकलाई विद्रोहको समेत अधिकार छ। कुनै कानुनमा उल्लेख होस् वा नहोस् जनता सधैँ सर्वभौम र वैधानिक हुन्छन् । जनताको सार्वभौम अधिकार र वैधानिकतालाई कुनै कानुनले खुम्च्याउनु हुँदैन। जनतालाई अधिकारका लागि विद्रोह गर्ने ठाउँमा नपुऱ्याउनु राज्यको दायित्व हो। संविधान संशोधन गर्दा संविधानमा भएका अधिकारलाई खुम्च्याउन होइन, अझ बढी अधिकारमुखी बनाउने बहस होस् ।*




कानुनले गर्नू भनेको काम नगर्नु र नगर्नू भनेको काम गर्नु अख्तियारको दुरुपयोग हो। यस्तो कार्य मानवअधिकारको उल्लंघन र सुशासनमाथिको धाबा पनि हो। तर, प्रश्न अर्को पनि के छ भने कानुनबमोजिम गर्दैमा सबै जिम्मेवारी पूरा हुन्छन् ? हुँदैनन् । किनभने कानुनहरू आफैँमा पूर्ण हुँदैनन् । अपूर्ण कानुनका आडमा राज्यका निकाय वा कुनै व्यक्ति-विशेषले कानुनबमोजिम गर्दैमा आफ्नो दायित्व, कर्तव्य पूरा भएको ठान्छ भने त्यो जिम्मेवारी र कर्तव्यबाट विमुख भएको हो। भनिन्छ- कानुनका नौ सिङ हुन्छन् । एउटै विषयमा नौवटा व्याख्या गर्न कानुनका व्याख्यातालाई छुट छ भन्ने कुरा उस्तै मुद्दामा अदालतका फरक-फरक फैसला हेरे पुग्छ। त्यसैले, नौरंगी कानुनको आडमा हुने कानुनबमोजिमबाट नागरिकलाई सधैँ न्याय नै हुन्छ भन्ने छैन ।

नेपालका धेरै कानुनमा तोकिएबमोजम वा कानुनबमोजिम हुनेछ जस्ता शब्दावली प्रयोग भएका पाइन्छन्। मौलिक हकजस्तो अदालतबाट प्रचलन गराउन सकिने निरपेक्ष हकमा समेत कानुनबमोजिम भनेर राज्य पन्छिएको पाइन्छ। निरपेक्ष अधिकारहरू राज्यसिर्जित अन्य स्वार्थसिद्ध गर्न कोरिएका कानुनद्वारा कुण्ठित हुन सक्दैनन् । तर, विडम्बना कस्तो छ भने संविधानमा नै कानुनबमोजिम भनेपछि कानुन बनाउँदा पूर्ण अधिकारको सुनिश्चितता गर्न पनि पाइयो, अर्ध-अधिकारको सुनिश्चितता गर्न पनि पाइयो । कानुन बनाउने वेलामा विधायक सदस्यको मुड फ्रेस भएन भने अधिकार दिनै नमिल्ने भन्न पनि पाइयो। स्मरण रहोस्, नेपालका धेरै कानुन नेताका ‘मुड’का आधारमा जारी भएका छन् ।

नेपालको संविधानको धारा १७ (१) मा ‘कानुनबमोजिमबाहेक कुनै पनि व्यक्तिलाई वैयक्तिक स्वतन्त्रताबाट वञ्चित गरिनेछैन’ भनिएको छ। यसको तात्पर्य हाम्रो संविधानअनुसार राज्यले कानुन बनाएर वैयक्तिक स्वतन्त्रताको समेत हनन गर्न सक्छ भन्ने पनि त हो। वैयक्तिक स्वतन्त्रता नागरिक अधिकार मात्र होइन, मानव अधिकार पनि हो। मानव अधिकार विश्वव्यापी अधिकार हुन्, जो मानव हुनासाथ प्राप्त हुन्छन् । तर, वैयक्तिक स्वतन्त्रताजस्तो व्यक्तिको आफैँ प्राप्त अधिकारलाई नागरिक अधिकार, जो नागरिक भएका कारणले मात्र प्राप्त हुन्छन् र राज्यको निगाहमा भर पर्छन्, त्यस्तै अधिकार ठानेर कानुनबमोजिम सुनिश्चित मात्र होइन, वञ्चित पनि गरिन सक्छ भन्नु राज्यको अनुदार चरित्र हो। यसैगरी धारा १९ (३) मा उल्लिखित कानुनबमोजिम बाहेक कुनै पनि छापा, विद्युतीय प्रसारण तथा टोलफोनलगायत सञ्चार साधनलाई अवरुद्ध गरिनेछैन भन्ने व्यवस्थाले पनि कानुनबमोजिम चाहिँ अवरुद्ध गर्न पाइन्छ भन्ने नै अर्थ लाग्छ। अर्थात्, संविधानमा जे व्यवस्था भए पनि पूरक कानुन बनाएर राज्यले बन्देज लगाउन सक्छ।

संविधानमा उल्लिखित असमर्थ पक्षलाई कानुनबमोजिम निःशुल्क कानुनी सहायता पाउने हक हुने (धारा २०, १०), कानुनको अधिनामा रही सम्पत्ति आर्जन, भोग र बेचबिखन गर्न पाउने (धारा २५, १), अर्काको धर्ममा खलल पर्ने कार्य गरेमा कानुनबमोजिम दण्ड हुने (धारा २६, ३), कसैलाई बेचबिखन, दास, बाँधा, इच्छाविपरीत काममा लगाए कानुनबमोजिम दण्डनीय हुने र कानुनबमोजिम पीडकबाट क्षतिपूर्ति पाउने (धारा २९, ५), वातावरण प्रदूषणबाट भएको क्षतिको पीडितले कानुनबमोजिम क्षतिपूर्ति पाउने (धारा ३०, २) जस्ता संविधानका हक सबै संविधानबमोजिम होइन, कानुनबमोजिम प्राप्त छन् । यस्तै दृष्टिविहीनले कानुनबमोजिम निःशुल्क शिक्षा पाउने, कानुनबमोजिम खाद्य सम्प्रभुताको हक हुने, महिलामाथिको हिंसामा कानुनबमोजिम क्षतिपूर्ति पाउने, पीडित बालबालिकाले कानुनबमोजिम क्षतिपूर्ति पाउने, कानुनबमोजिम दलितको सहभागिता र प्रतिनिधित्व हुने, कानुनबमोजिम विशेष वर्गलाई सामाजिक सुरक्षाको हक हुनेजस्ता व्यवस्थाले संविधान भनेको कानुनबमोजिम लेखिने दस्ताबेज मात्र हो, हक-अधिकारका लागि त अरू नै कानुन आवश्यक छन् कि जस्तो लाग्छ। यस्ता ससर्त अधिकार देखाउने अधिकार मात्र हुन। जसले अधिकारको भ्रम मात्र सिर्जना गर्छन् ।

संविधानको मौलिक हकमा कानुनबमोजिम लेखिएका माथिका केही उदाहरण मात्र हुन्। मौलिक हकमा मात्र ३९ ठाउँमा यस्ता कानुनबमोजिम लेखिएका छन्। सम्पूर्ण संविधानमा यस्ता कानुनबमोजिम २३१ ठाउँमा उल्लेख भएको छ। संविधानबाहेक अन्य नेपाल कानुनमा समेत कानुनबमोजिम, तोकिएबमोजिम, व्यवस्था भएबमोजिमजस्ता शब्दावली प्रशस्तै छन्। जसलाई देखाएर कानुन बनेको छैन भन्दै राज्यका निकायलाई उम्कने बाटो खुला गरिदिएको छ। यस्ता कानुनबमोजिम शब्दावली जिम्मेवारीबाट उन्मुक्ति लिन प्रयोग हुने हतियार हुन्। संविधानमा नै जतातत‍ै कानुनबमोजिम लेखेको देख्दा लाग्छ- ‘सबै कुरा कानुनबमोजिम हुनेछ’ भनेर चार शब्दावलीमै संविधान टुंग्याएको भए पनि हुन्थ्यो कि ? अन्यथा, संविधान बनाउने र सयौँ ठाउँमा ‘कानुनबमोजिम’ भन्दै कानुनको हवाला दिएर उम्केको हाम्रो नयाँ संविधान कसरी पूर्ण हुन सक्छ ?

सिद्धान्ततः संविधानमा उल्लिखित मौलिक हक निरपेक्ष अधिकार हुन्। निरपेक्ष अधिकारमा कुनै पनि बहानामा बन्देज लाउन पाइँदैन, तर नेपालको संविधानमा उल्लेख भएका भाषा हेर्दा संविधानमा अधिकार देखाउने र त्यसलाई कानुनबाट बन्देज लगाउने आशय प्रस्टिन्छ। नेपालको संविधानको धारा ४६ ले यस भागद्वारा प्रदत्त हकको प्रचलनका लागि धारा १३३ र १४४ मा लेखिएबमोजिम संवैधानिक उपचार पाउने हक हुनेछ भन्ने व्यवस्था गरिएको छ। तर, संविधानमै कानुनबमोजिम मात्र पाउने भनिएको मौलिक हक प्रचलनका लागि अदालत गए पनि अदालतले कानुन बनाउने निर्देशनात्मक आदेश दिनेबाहेक अर्थोक केही गर्न सक्दैन ।

संविधानको धारा ४७ मा मौलिक हक कार्यान्वयनका लागि आवश्यकताअनुसार राज्यले तीन वर्षभित्रमा कानुनी व्यवस्था गर्ने उल्लेख छ। तीन वर्षमा मौलिक हक कार्यान्वयनका लागि ऐन बनाउँदा पनि यति हतारोमा गरियो कि त्यो संविधानको बाध्यात्मक व्यवस्थाबाट बचाउका लागि मात्र गरियो। नागरिक अधिकारको प्रत्याभूतिलाई केन्द्रमा राखेर ऐन बनेनन्। यस्ता हतारोका कानुनले अधिकारलाई संविधानमा भन्दा पनि बढी खुम्च्यायो। संविधानले अधिकार नदिएको होइन, बरु चाहिनेभन्दा बढी अधिकार दियो भन्ने पनि एउटा कोणबाट झिनो नै किन नहोस्, आवाज सुनिन्छ। कतै यस्तै झिनो स्वरको हवाला दिएर राज्यले संविधानको अर्ध-अधिकार पनि खुम्च्याउन त चाहिरहेको छैन ?

कानुन किन बन्छ र यो कसका लागि ? भन्ने प्रश्न ज्वलन्त छ। व्यक्तिगत स्वतन्त्रता र अधिकारको संरक्षण गर्न, समाजमा शान्तिसुरक्षा कायम गर्न, मानवीय व्यवहारलाई निर्देशन र नियन्त्रण गर्न, न्याय प्रशासनलाई व्यवस्थापन गर्न, नागरिकलाई आफ्नो कर्तव्य र अधिकारप्रति सचेत राख्न, लोककल्याणकारी व्यवस्थाको अभिवृद्धि गर्न, समाजमा नैतिकता, मर्यादा र अनुशासन भंग हुन नदिन, आपराधिक गतिविधि गर्नेलाई दण्डित गर्न, आदर्श समाजको निर्माण गर्न, सुशासन कायम राख्न र सामाजिक व्यवहारलाई नियमन गर्न कानुन बन्छन् । र, कानुन जनताका लागि बन्छन् ।  कानुन किन बन्ने र कसका लागि बन्ने भन्ने माथिका बुँदा सैद्धान्तिक अवधारणा हुन् । तर, नेपालमा पहिलो कुरा, कानुन निर्माणमा यी सबै आधार नै लिइँदैनन् । दोस्रो कुरा, नेपालमा कानुन जनताका लागि बन्दैनन्, शासकका लागि मात्र बन्छन्। मूलतः निर्देशन र नियन्त्रण, पुरस्कार र दण्ड सजाय गर्न, सामाजिक कुरीति हटाउन, सेवा-सुविधा प्रदान गर्न कानुन बनाइनुपर्ने भए पनि अरू सबै कुरा छाडेर नागरिकमाथि निर्देशन र नियन्त्रणका लागि मात्र कानुन बनाइन्छन् ।

कानुनको सैद्धान्तिक मान्यता छ कि कानुन स्वच्छाचारी हुनुहुँदैन। कानुन अस्पष्ट, विरोधाभाषी र दोहोरो पनि हुनुहुँदैन। एउटा कानुनले अधिकार दिने र अर्को कानुनले खुम्च्याउने पनि गर्न हुँदैन। कानुनमा भएका दोहोरो व्यवस्था र कानुन छल्न सक्ने छिद्र भयो भने त्यो कानुन कमजोर मानिन्छ। नेपालको संविधान यस्तै कमजोर कानुनको एउटा उदाहरण हो। यस्तो कमजोर कानुन संशोधन हुनुपर्छ भन्नेमा द्विविधा छैन। तर, संशोधन गर्दा राजनीतिक विषयभन्दा बढी नागरिक अधिकारका विषयमा ध्यान केन्द्रित हुनुपर्छ ।

सिद्धान्त र व्यावहारिक दुवै दृष्टिमा व्यक्तिभन्दा कानुन माथि हो, तर कानुनभन्दा नागरिक (जनता) माथि हो। व्यक्तिलाई कानुन नमान्ने छुट छैन, तर जनतालाई कानुन नमान्ने छुट छ। नागरिकलाई विद्रोहको समेत अधिकार छ। कुनै कानुनमा उल्लेख होस् वा नहोस् जनता सधैँ सर्वभौम र वैधानिक हुन्छन् । जनताको सार्वभौम अधिकार र वैधानिकतालाई कुनै कानुनले खुम्च्याउनु हुँदैन। जनतालाई अधिकारका लागि विद्रोह गर्ने ठाउँमा नपुऱ्याउनु राज्यको दायित्व हो। संविधान संशोधन गर्दा संविधानमा भएका अधिकारलाई खुम्च्याउन होइन, अझ बढी अधिकारमुखी बनाउने बहस होस् । जनताका सार्वभौम अधिकारलाई कुनै नेतानिर्मित कानुनबाट कुण्ठित गर्ने प्रयास नगरियोस् ।

नयाँ पत्रिकाबाट

# नेप्से परिसूचकमा ७५ अङ्कको वृद्धि



काठमाडौँ । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा उच्च अङ्कको वृद्धि देखिएको छ। मंगलबार नेप्से परिसूचक ७५ दशमलव ३३ अङ्क अर्थात् तीन दशमलव ०३ प्रतिशतले बढेर दुई हजार पाँच सय ६३ दशमलव ४३ को बिन्दु कायम भएको हो । तीन सय १७ कम्पनीको तीन करोड ९७ लाख ९० हजार आठ सय ८९ कित्ता शेयर एक लाख ७१ हजार तीन सय ८७ पटक खरिदबिक्री हुँदा रु १४ अर्ब ११ करोड ६३ लाख ३० हजार नौ सय ९५ बराबरको कारोबार भएको छ।

कारोबारमा सबै समूहका उपसूचक हरियो देखिँदा सबैभन्दा धेरै व्यापार समूहको उपसूचक पाँच दशमलव ०६ र जीवन बिमा समूहको उपसूचक चार दशमलव ४५ प्रतिशतले बढेको छ । छ वटा कम्पनीको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । समृद्धि फाइनान्स कम्पनी लिमिटेड, बोटलर्स नेपाल (बालाजु) लिमिटेड, माण्डु हाइड्रोपावर लिमिटेड, हाथवे इन्भेष्टमेन्ट नेपाल लिमिटेड, नेपाल वायरहाउजिङ कम्पनी लिमिटेड र साहस ऊर्जा लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको हो ।

सबैभन्दा धेरै शेयर मूल्य गणपति लघुवित्त वित्तीय संस्था लिमिटेडको घटेको छ। गणपतिको शेयर मूल्य पाँच दशमलव ८३ प्रतिशतले घटेको हो । कारोबार रकमका आधारमा आज सबैभन्दा धेरै शिवम् सिमेन्ट लिमिटेडको रु २४ करोड ६९ लाख २३ हजार सात सय ९२ बराबरको शेयर किनबेच भएको छ। कारोबार भएका शेयर संख्याका आधारमा नबिल ब्यालेन्स फन्ड-२ को १६ लाख दुई हजार आठ सय ३५ बराबरको कारोबार भएको छ।

# बालबच्चालाई चकलेटले कस्तो हानि गर्छ ?

मनपर्ने खानेकुराको नाम के हो ? बालबालिकालाई यो प्रश्न सोध्ने हो भने उनीहरुले हत्तपत्त जवाफ दिइहाल्छन्-चकलेट ।

चकलेटमा हुने गुलियोपन र त्यसको आकर्षक स्वरूपमा उनीहरु लोभिने गर्छन् । त्यसैले त अभिभावक पनि आफ्ना बालबच्चा कुनै कुरामा रिसाए वा रुँदा चकलेटको प्रलोभन दिएर सम्झाउँछन् । यस्तोमा बच्चाहरु पनि चकलेट दिँदा मख्ख पर्ने र नपाउँदा डाँको छोडेर रुने गर्छन् ।

आमाबाबुले दिएको यो लोभपछि बच्चाहरूको बानी बन्छ। चकलेट अत्यधिक खाने बानीले उनीहरुको स्वास्थ्यमा असर पुग्ने चिकित्सकहरु बताउँछन् ।

**यस्ता छन् बेफाइदा**

***पौष्टिक तत्वका अभाव***

अत्यधिक मात्रामा चकलेट खाने बानी स्वास्थ्यको हिसाबले फाइदाजनक नहुने बालरोग विशेषज्ञ डा. सन्तोष पोखरेल बताउँछन् । उनका अनुसार चकलेटले पेटलाई टन्न पारिदिन्छ। अन्य खानेकुरा नखाँदा शरीर राम्रोसँग वृद्धि विकास हुन पाउँदैन ।

‘बच्चालाई जति चकलेट दिइन्छ, त्यति उनीहरुमा चुरोटको लत लागेजस्तै चकलेटको लत लाग्छ । यसले उनीहरुलाई चकलेटबाहेक अन्य खानेकुरा खानै मन नलाग्ने गराउँछ,’ उनले भने-‘फलस्वरूप पौष्टिक तत्वको कमी हुन्छ र उनीहरु कमजोर हुँदै जान्छन् ।’

**मोटोपन**

चकलेटमा पाइने चिनीले शरीरमा चिनीको स्तर बढाइदिन्छ । अझ मोटोपन भएका बालबालिकामा मधुमेह गराउन पनि चकलेट कारकको रुपमा देखा पर्न सक्ने डा. पोखरेल बताउँछन् । अत्यधिक चकलेटको सेवनले बालबालिकामा मोटोपनको पनि समस्या ल्याउँछ ।




**बेचैन गराउँछ**

डा. पोखरेलका अनुसार चकलेटमा चिनी, थियोब्रोमाइन र फेनिलेथिलामाइन जस्ता अन्य धेरै उत्तेजक तत्व हुन्छन्, जसले बच्चाको स्नायु प्रणालीलाई हानि पुऱ्याउँछ । वयस्कले जति क्याफिनको भार बालबालिकाले सहन सक्दैनन् ।

यसले बच्चालाई धेरै बेचैन महसुस गराउन सक्ने, पेट दुखाउने समस्या गराउन सक्ने डा. पोखरेल बताउँछन् । त्यसबाहेक यसबारे भएका केही अन्तर्राष्ट्रिय अध्ययनअनुसार चकलेटमा पाइने क्याफिनले मुटुको धड्कन पनि बढाउने हुँदा निद्रामा समस्या समेत देखाउने र चकलेटमा एन्डामाइड एसिडले मस्तिष्कको कार्यलाई हानि पुऱ्याउने देखिएको उनको भनाइ छ।

**दाँतमा असर**

चकलेट धेरै खानु दाँतको लागि अति हानिकारक हुने दन्त चिकित्सक डा. मनिषा खर्बुजा बताउँछिन् ।

‘चकलेटमा हुने चिनी दाँतमा अड्किने र टाँसिने गर्छ । बच्चाहरुमा कुल्ला गर्ने ज्ञान हुँदैन, जसले अड्किएको चकलेटमा जीवाणु फैलिएर एसिड उत्पादन गर्छ,’ उनी भन्छिन्-‘त्यसले खानेकुरा बिस्तारै दाँतलाई नरम बनाउँदै लैजान्छ । जसकारण दाँतलाई बलियो बनाउने तत्त्व खनिज बिस्तारै खिइँदै जान्छ ।’

दाँत कीरा लाग्ने त छँदैछ, इनामेल पनि उमेरभन्दा छिटो जान सक्ने हुँदा सकेसम्म बच्चालाई चकलेट नदिन र दिए पनि सीमित मात्रामा दिन उनी सुझाउँछिन् । तर चकलेट खाएपछि अनिवार्य मुख कुल्ला गर्न सिकाउनुपर्छ ।

**चकलेटको बानी कसरी छुटाउने ?**

धेरैजसो बालबालिकामा चकलेटको लत नै बसिसकेको हुन्छ । उनीहरु चकलेट नपाए शान्त नै नबस्नेसम्म हुन्छन् । यस्तोमा उनीहरुलाई बिस्तारै यसको लतबाट छुट्कारा दिलाउन फलफूललाई नै आकर्षक ढंगले विभिन्न आकारमा डिजाइन गरेर दिन डा. पोखरेल सुझाउँछन् । यसले उनीहरुमा चकलेटको तल बिस्तारै हट्ने र फाइबरजस्ता तत्व बढी खाने हुँदा शरीरलाई पौष्टिक तत्व पुग्ने उनी बताउँछन् ।

# किसानलाई अनुदानमा कृषि यन्त्र तथा मौरीसम्बन्धी सामग्री

**सन्तोष गहतराज**
*पाल्पा*



पाल्पाको तानसेन नगरपालिकाले कृषकहरूलाई ५० प्रतिशत अनुदानमा हाते ट्र्याक्टर, मौरी घार र डिजिटल तराजु प्रदान गरेको छ। मंगलबार एक कार्यक्रमका बीच नगरपालिकाले कृषकहरूलाई कृषि यन्त्र तथा मौरीसम्बन्धी सामग्री वितरण गरेको हो । कार्यक्रमका प्रमुख अतिथि तानसेन नगर सरकारका प्रमुख सन्तोषलाल श्रेष्ठ, नगर उप प्रमुख प्रतिक्षा सिङ्जाली, नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत हरिराम नागिलाले संयुक्त रूपमा कृषकहरूलाई कृषि यन्त्र तथा मौरीसम्बन्धी सामग्री वितरण गरेका हुन् । नगरपालिकाले तानसेनका वडा कार्यालयबाट सिफारिस भएर आए बमोजिमका कृषकहरू ४७ जनालाई हाते ट्र्याक्टर,४ सय ८५ जनालाई मौरी घार र मौरीजन्य सामग्री तथा ५८ जना कृषकहरूलाई डिजिटल तराजु प्रदान गरिएको नगरपालिकाका कृषि शाखा प्रमुख सरोज तिमिल्सिनाले बताए।

तानसेन नगरपालिकाका नगर प्रमुख सन्तोषलाल श्रेष्ठले परम्परागत कृषि प्रणालीलाई यान्त्रिकरण र व्यवसायीकरण गर्न नगरपालिकाले कृषि यन्त्र तथा मौरीसम्बन्धी सामग्री वितरण गरेको बताए। तानसेन नगरपालिकाको सम्भावना कृषि र पर्यटनबाट नै सम्भव रहेको नगर प्रमुख श्रेष्ठले जनाए । उनले तानसेन नगरपालिकाको अधिकाश भू-भाग ग्रामीण परिवेश रहेको छ । ग्रामीण परिवेशका अधिकांश नागरिकहरू कृषि र पशुपालन पेशामा आबद्ध रहेका छन् । त्यसैले नगर सरकारले कृषकहरूको मागलाई मध्येनजर गरी वडा कार्यालयको सिफारिस बमोजिम अनुदानमा कृषि यन्त्र तथा मौरी सम्बन्धी सामग्री वितरण गरेको बताए। कृषिमा यान्त्रिककरण र आधुनिकीकरणको अभावले नगर क्षेत्रमा लक्ष्य अनुसारको उब्जनी हुन सकेको छैन। परम्परागत शैलीमा गरिने खेतीपातीले उत्पादकत्व ह्रास हुँदै गइरहेको छ। खनजोतदेखि मलजलसम्मका विविध पक्षमा आवश्यक ज्ञान तथा साधन नहुँदा पनि कृषि क्षेत्रमा निकै समस्या देखिएको छ। नगर सरकारले यसतर्फ ध्यान दिँदै कृषकहरूलाई कृषि यन्त्र तथा मौरीसम्बन्धी सामाग्री वितरण गरेको उनले बताए । नगरपालिकाले आगामी वर्ष थप बजेटसहित कृषि र पशुपालनलाई मध्येनजर गरी बजेट बिनियोजन गर्ने उनले जनाए। नगर सरकारले नगर भित्रका मौरीपालन सम्भावना हुने क्षेत्रलाई मौरीपालन पकेट क्षेत्रको रूपमा विकास गर्न खोजेको र सोही अनुरूप नगर सरकारले यो करिब ४ सय ८५ जना कृषकहरूलाई मौरी घार र मौरीजन्य सामाग्री प्रदान गरेको उनले औंल्याए।

आगामी वर्ष थप मौरीपालनको सम्भाव्यता अध्ययन गरी पकेट क्षेत्रको रूपमा अगाडि बढाउने उनले बताए । कार्यक्रममा नगरपालिकाका उप-प्रमुख प्रतिक्षा सिङ्जालीले हाते ट्र्याक्टरमार्फत कृषि कर्ममा लागेका किसानलाई आधुनिक कृषि प्रणालीसँग जोड्न सजिलो हुने, खेत तथा पाखोबारीमा पनि सजिलै प्रयोग गर्न सकिने भएकाले किसानलाई हाते ट्र्याक्टर दिइएको बताइन। आर्थिक समृद्धिका लागि कृषि नै पहिलो रोजाई भएकाले नगरपालिकाले कृषि र बन पैदावारको औद्योगिकरण गरी रोजगारीमा ध्यान दिन आवश्यक रहेको र सोही अनुरूप नगर सरकारले आफ्ना गतिविधि अगाडि बढाएको उनले जनाइन।

उप-प्रमुख सिङ्जालिले भनिन्-'सहुलियत अनुदानमा गरिएको वितरणले यहाँको कृषि उत्पादनमा यान्त्रीकरणको प्रयोग बढ्ने अपेक्षा रहेको र उक्त उत्पादनको बजारीकरणका लागि पनि नगर सरकारले सहजीकरण गर्नेछ ।' कृषिमा यान्त्रिककरण र आधुनिकिकरणको अभावले लक्ष्य अनुसारको उब्जनी हुन सकेको छैन। पुरानै शैली कृषि गर्दा रैथाने बालीहरु बिस्तापित हुँदै जान थाल्यो। सयौं रोपनी जग्गाहरु बाँझो हुन थाले। यसतर्फ नगर सरकारले गम्भीरतापूर्वक ध्यान दिएर यन्त्र तथा मौरीसम्बन्धी सामाग्री वितरण गरेको उनले बताइन। वितरीत कृषि यन्त्रले बाँझो रहेका जमिन सदुपयोग हुने र कृषि उपजमा वृद्धि हुने अपेक्षा नगर सरकारले गरेको उनले औंल्याइन।

नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत हरिराम नागिलाले कृषियन्त्र खरिद बापत हाते ट्र्याक्टर, चाप कटर र डिजिटल तराजु कुल ४० लाख बजेटबाट र मौरीजन्य सामग्री कुल २० लाख बजेटबाट वितरण गरेको बताए । नगरपालिकाले उपलब्ध बजेट र किसानको मागका आधारमा नगरभित्रका विभिन्न व्यक्ति, समूह, फर्म र सहकारीलाई अनुदानमा हाते ट्र्याक्टर वितरण गरिएको उनले जनाए। नगरपालिकाले खनजोतमा सहजता होस्, खनजोतकै अभावले बाझा रहेका जग्गाहरु प्रयोगमा आउन् भन्ने उद्देश्यले हाते ट्र्याक्टर दिइएको उनले बताए।

घरभन्दा टाढा रहेका जग्गामा गोरुद्वारा हलो लिई खनजोत गर्न नसकि बाँझो रहेका जग्गा अब प्रयोगमा आउने कृषक चन्द्र बहादुर सोमैले जनाए। उनले कृषि यन्त्र तथा मौरी सम्बन्धी सामाग्री फागुनभित्र नै वितरण गर्नुपर्ने तर वितरण ढिलो भएकोमा गुनासो गरे।

कार्यक्रममा तानसेन वडा नं. १ का वडध्यक्ष सुनिलकुमार बस्याल, वडा नं ४ का वडाध्यक्ष हेमन्त राज शाक्य, वडा नं. ६ का वडाध्यक्ष सागर मान महर्जन, कार्यपालिका सदस्यहरू, वडा सदस्यहरू, नगरपालिकाका विभिन्न शाखाका कर्मचारीहरू, कृषकहरूलगायतको उपस्थिति रहेको थियो।

# वैदेशिक व्यापार घाटा १४ खर्ब ४० अर्ब, डेढ खर्बको निर्यात

काठमाडौँ। गत आर्थिक वर्ष २०८०/८१ मा नेपालले कूल रु १७ खर्ब ४५ अर्ब ३६ करोड ६७ लाख बराबरको वैदेशिक व्यापार गर्दा रु १४ खर्ब ४० अर्ब ६० करोड ४२ लाख घाटा व्यहोरेको छ। भन्सार विभागले सार्वजनिक गरेको गत आवको वैदेशिक व्यापारको तथ्याङ्कअनुसार कुल रु पन्ध्र खर्ब ९२ अर्ब ९८ करोड ५५ लाखको वस्तु आयात गर्दा रु एक खर्ब ५२ अर्ब ३८ करोड १२ लाखको मात्रै निर्यात गरेको देखिएको हो।




विभागको तथ्याङ्कअनुसार अघिल्लो आवको तुलनामा आयात, निर्यात र समग्र वैदेशिक व्यापार घटेको छ। अघिल्लो आव २०७९/८० मा नेपालले रु १६ खर्ब ११ अर्ब ७३ करोड १७ लाख बराबरको आयात र रु एक खर्ब ५७ अर्ब १४ करोड छ लाख बराबरको निर्यात गर्दा कूल वैदेशिक व्यापार रु १७ खर्ब ६८ अर्ब ८७ करोड २४ लाख पुगेको थियो । अघिल्लो आवको वैदेशिक व्यापार घाटा रु १४ खर्ब ५४ अर्ब ५९ करोड ९१ लाख बराबर थियो । अघिल्लो आवको तुलनामा गत आवमा आयात एक दशमलव १६, निर्यात तीन दशमलव ०३, समग्र वैदेशिक व्यापार एक दशमलव ३३ र वैदेशिक व्यापार घाटा शून्य दशमलव ९६ प्रतिशतले घटेको हो । गत आवको आयात-निर्यात अनुपात १० दशमलव ४५ प्रतिशत बराबर छ। गत आवमा सबैभन्दा धेरै भारतसँग व्यापारघाटा देखिएको छ। भारतबाट रु नौ खर्ब ९६ अर्ब ६८ करोडको वस्तु आयात हुँदा रु एक खर्ब तीन अर्ब १७ करोड बराबर मात्रै निर्यात भएको छ। जसबाट भारतसँगको मात्र कूल व्यापार घाटा रु आठ खर्ब ९३ अर्ब ५० करोड बराबर छ। नेपालको अर्को छिमेकीमुलुक चीनसँग रु दुई खर्ब ९६ अर्ब १८ करोड ६० लाख बराबर व्यापार घाटा छ। चीनबाट रु दुई खर्ब ९८ अर्ब ७७ करोड बराबरको वस्तु आयात हुँदा रु २५ अर्ब ८८ करोड बराबरको मात्रै निर्यात भएको हो। नेपालले बढी व्यापार घाटा व्यहोरेका मुलुकहरुमा संयुक्त अरब इमिरेट्स तेस्रो, युक्रेन चौथो र मलेसिया पाँचौं स्थानमा छ। व्यापार नाफाको अवस्था हेर्दा नेपालले डेनमार्कसँगको व्यापारमा सबैभन्दा बढी नाफा देखिएको छ। गत आवमा नेपालले डेनमार्कबाट रु ३५ करोड ४५ लाख बराबरको वस्तु आयात गर्दा रु ८२ करोड २१ लाख बराबरको निर्यात गरेको छ। जसबाट रु ४६ करोड ७५ लाख व्यापार नाफा देखिएको हो।

बढी व्यापार नाफा देखिएका मुलुकमा अफगानिस्तान दोस्रो स्थानमा छ । गत आवमा नेपालले अफगानिस्तानबाट दुई करोड ७६ लाख बराबरको वस्तु आयात गर्दा रु ४९ करोड ३६ लाख बराबरको निर्यात गरेको छ । जसबाट अफगानिस्तानसँग रु ४६ करोड ६० लाख बराबरको व्यापार नाफा भएको छ।

गत आवमा सबैभन्दा धेरै पेट्रोलियम पदार्थको आयात भएको छ । विभागको तथ्याङ्कअनुसार गत आवमा रु एक खर्ब ४३ अर्ब ९७ करोड ६९ लाख बराबरको डिजेल, रु ६८ अर्ब १० करोड २० लाखको पेट्रोल र रु ५५ अर्ब ६१ करोड ८४ लाख बराबरको एलपी ग्यास आयात भएको छ। रु ३९ अर्ब तीन करोड ४३ लाख बराबरको फलामजन्य वस्तु आयात भएको छ। स्मार्टफोनमात्र रु २८ अर्ब ६६ करोड ६२ लाख बराबरको आयात भएको छ।

त्यस्तै, रु २३ अर्ब ६५ करोड ३९ लाख बराबरको सुन आयात भएको छ । नेपालले बढी निर्यात गरेका वस्तुमा कार्पेट, अलैँची, फलाम तथा स्टिलजन्य, जुसलगायत वस्तु छन् । गत आवमा नेपालले सबैभन्दा धेरै रु १० अर्ब ५७ करोड २४ लाख बराबरको कार्पेट र रु सात अर्ब ९३ करोड ८१ लाख बराबरको अलैँची निर्यात गरेको छ।

# भुक्तानी नपाएपछि दूध उत्पादक किसान निरुत्साहित



चितवन। यहाँका दूध उत्पादक किसानहरुले दूध उत्पादन वृद्धि गर्न छाडेका छन् । विगत छ महिनादेखि दूधको भुक्तानी नपाएका किसान उत्पादन वृद्धि हुने समयमासमेत उत्पादन वृद्धिमा ध्यान दिन छाडेका हुन् । चितवन जिल्ला दुग्ध उत्पादक सहकारी संस्था लिमिटेडका अध्यक्ष किशोर बगालेका अनुसार बजारीकरणमा समस्या हुने देखिएपछि जिल्लाका दुग्ध उत्पादक किसानले दूध उत्पादन वृद्धि हुने समयमा पनि उत्पादन बढाउन चासो नदेखाएका हुन । बगालेले भने-"अहिले दूध उत्पादन गर्ने किसानले दोब्बर उत्पादन गर्न सक्छन्, तर बजारीकरणमा समस्या हुँदा उत्पादन वृद्धिमा चासो नदिएका हुन ।" बजारीकरणमा समस्या हुने डर र बिक्री भएको दूधको रकम लामो समयसम्म भुक्तानी नहुँदा यहाँका किसान पलायन हुने अवस्थामा पुगेको उनले बताए।

सरोकारवाला निकायले किसानका कुरामा ध्यान नदिँदा दुग्ध उत्पादक किसान मारमा परेको नेपाल किसान महासङ्घका जिल्ला सचिव इन्द्रमणि गैरेले बताए। बाहिरबाट अनाधिकृत रुपमा आयात हुने दूधका कारण यहाँ दूध उत्पादन वृद्धि हुन नसकेको हो । उनले भने-"अहिले दूध उत्पादन वृद्धि हुने समय हो, तर सोचे जस्तो उत्पादन हुनसकेको छैन किसान दूध उत्पादन वृद्धि गर्न डराउँछन् ।" अध्यक्ष बगालेका अनुसार निजी क्षेत्र र सरकारी स्वामित्वको दुग्ध विकास संस्थान (डीडीसी)सँग गरी रु ७२ करोड दूधको भुक्तानी लिन बाँकी छ । "भुक्तानीका लागि पटक-पटक धाउनपर्छ, थोरै-थोरै गरेर भुक्तानी आउँछ", बगालेले भने-"हालको भन्दा बढी दूध उठाउने पक्षमा कोही छैनन् ।" उनले चितवनबाट दैनिक तीन लाख ५० हजार लिटर दूध उत्पादन हुने र जसमध्ये जिल्लामै एक लाख ५० हजार लिटर खपत हुने जानकारी दिए।

जिल्लामा साउन महिनामा गत वर्ष जस्तो दूधको माग नभएको बगालेले बताए । अहिले जिल्लामा ४० हजार बढी दूध उत्पादक किसान छन्। रासस

# वन्यजन्तुका लागि सामुदायिक वनमा पोखरी निर्माण

बाँके। वन्यजन्तुका लागि बाँकेका सामुदायिक वनमा पोखरी निर्माण गरिएको छ । राप्तीसोनारी गाउँपालिका-८ ओभरीस्थित भगवती सामुदायिक वनमा पाँच लाखको लागतमा पोखरी निर्माण गरिएको सामुदायिक वनका अध्यक्ष टीकाराम वलीले जानकारी दिए।

उनले पोखरीमा शम्शेरबजारमा राखिएका खानेपानी ट्याङ्कीबाट एक हजार दुई सय मिटर पाइप बिच्छ्याएर पानी ल्याएको बताए। यसबाट पोखरी नजिकै रहेको निकुञ्ज र सामुदायिक वनका वन्यजन्तु पानी खान सजिलो भएको छ।

अध्यक्ष वलीका अनुसार पोखरी निर्माणपश्चात् चितुवा, चित्तल, जरायोलगायत विभिन्न प्रजातिका वन्यजन्तु वनमा देखिन थालेका छन्। सामुदायिक वनमा 'सिसी क्यामेरा' जडान गरिएको छ । क्यामेरामा १९ प्रजातिका चरा र वन्यजन्तु देखिएको उनले जनाए । डिभिजन वन कार्यालय बाँके शम्शेरगञ्ज सबडिभिजन वन कार्यालयका प्रमुख सुशील सुवेदीले पोखरी निर्माण आर्थिक सहयोग गरेको जानकारी दिए। पोखरीको गहिराइ पाँच फिट, लम्बाइ सय मिटर र चौडाइ ५० मिटर रहेको छ। वन्यजन्तुलाई पानी पिउन पोखरीमा झर्न सजिलो होस् भन्नका लागि प्राकृतिक लयमा पोखरी निर्माण गरिएको उनले जानकारी दिए। रासस

**मृत्युको...**

किनकि उनी केबल मृत्युको पर्खाइमा मात्र थिए। भाद्र ३ गते बिहान ६ बजे उपचार कक्षमा जाँदा सुरुमा त्यति विश्वास लागेन। भारतका त्यत्रा ठूला अस्पतालमा उपचार गराएर त्यहाँ निको नभएका रोगहरू (मुटु, लिभर, किड्नी, पायल्स, ढाडको, क्यान्सर, नाकमा मासु पलाएको, अल्सर) कसरी निको होला र भन्ने भयो। तर पनि उनीसँग अरू विकल्प पनि थिएन। ११ बजे डाक्टर विनोद पौडेल र डाक्टर उमेश केसीले उनलाई संयुक्त रूपमा भेट गरी सबै रिपोर्ट हेरे । डाक्टरले औषधि हेरौं भने, उनले सबै औषधि टेबलभरि फिंजाइ दिए । विनोद डाक्टरले सर तपाईं कति बाँच्न चाहनुहुन्छ भन्दै यदि धेरै बाँच्ने हो भने यी मेडिसिन खाएर तपाईं बाँच्नु हुँदैन बढीमा तपाईंको आयु १ वर्ष हो भनिदिए। उनले पनि त्यही अनुमान गरेकाले मिल्यो। अपरेशनमा नगए १/२ वर्ष ,अपरेशनमा गए उतिखेरै मृत्यु हुन्छ भन्ने अनुमान गरेका थिए।

अस्पतालका औषधि र रिपोर्टले स्वास्थ्य सुध्रिनै सक्तैन, प्राकृतिक उपचार पद्धति विचार गरी हेर्नुहोस् भनी डा. विनोद पौडेलले भन्दा तपाईंको विधिले ग्यारेन्टी सन्चो हुन्छ भन्ने के छ भनेर प्रतिप्रश्न गरे, आचार्यले। जवाफमा डाक्टरले नेपालका अस्पतालले नसकेर राजस्थान दिल्ली जानु भयो र त्यहाँ पनि ग्यारेन्टी लिएनन् त्यसैले यहाँ हामीहरूले गर्ने भनेको पनि प्रयास हो, यहाँलाई विश्वास लाग्छ भने उपचार लिनुस् विश्वास लाग्दैन भने नलिन पनि सकिन्छ भनिदिए।

आचार्यले परिवारसँग छलफल गरिसकेपछि उपचार सुरु गर्ने निर्णयमा पुगे। यसरी भारतको मेदान्तमा १ गते गर्ने भनेको अप्रेसन नगरी नेपाल फर्केर भाद्र ३ गतेबाट प्राकृतिक अस्पतालमा उपचार सुरु गरे। गर्दै जाँदा पाँचौ दिनबाट पायल्सको रगत जान अलि कम भयो भने छैठौं दिन पुरै रोकियो । सातौं दिन डा. उमेशले बोलाएर पायल्सको औषधि छोड्न भने । ३ महिना लगातार बगिरहेको रगत रोकिनु र औषधि छाड्ने कुरा अत्यन्तै ठूलो उपलब्धिको रूपमा लिए, आचार्यले । उनमा बिस्तारै बाँच्ने उत्साह जाग्न थाल्यो। बीचमा अस्पताल प्रमुख डा. कृष्ण न्यौपानेले पनि थप उत्साहित पार्न थाले । सबै डाक्टरहरूले अत्यन्तै ममताका साथ उपचारमा जुटे । थेरापिष्टहरू पनि अत्यन्तै कडा मेहनतका साथ आचार्यको उपचारमा खटिए।

डाक्टरहरू प्रायः सबैले रोगको जड पेट नै हो भन्थे। त्यसैले सबै रोग ठिक गर्न आचार्यले साहस गरी उपचार पद्धतिमा सहयोग गर्नुपर्छ भनेर भाद्र ८ गते साँझबाट उपवास बस्न थाले। १३ गते त्यो क्यान्सर भएको ढाडको डल्लो माटो र पोटलीले सेक्दासेक्दै फुट्यो, झण्डै एक पाउ फोहोरो कनिका टाइपको गयो । त्यसपछि उनलाई झन उत्साह थपियो, अब बाँचिन्छ भन्ने निश्चित भयो। प्राकृतिक चिकित्सा पद्धतिको उपचार र आफ्नो मिहिनेतले नसोचेको परिणाम आउन सक्ने कुरा उनले प्रत्यक्ष भोगे। उनको उपबास झन कड़ा बन्दै जान थाल्यो र आश्विन १९ गते साँझ ४३औं दिनमा १ दलिया खाएर उपवास तोडे। यो बीचमा १९ थरि औषधिमा १६ थरि औषधिहरू जस्तै मुटुको, लिबरको, किड्नी, प्रेसर, सुगर, युरिकएसीड, अल्सर र निद्राको गरी १६ थरि औषधि क्रमशः छोड्दै गए। र टेपवर्मको (टाउको) को औषधि मात्र खाँदै गए। क्यान्सर भनेको ठाउँ पनि डाक्टरहरूकै कठोर मेहनतले ठीक हुँदै गयो। र अन्ततः उनले क्यान्सर पनि जिते। मुख्यमन्त्री आचार्यको अनुभवका आधारमा नेपाल जस्तो अविकसित मुलुकमा मानिसहरू स्वास्थ्यको कारण अत्यन्तै दुःख, कष्ट भोगिरहेका छन् । लाखौंलाख खर्च गरेर पनि रोग निको हुन नसकी अकालमै ज्यान गुमाइरहेका छन्। यो विडम्बना छ।

'आधा दर्जन बढी रोगसँग लड्दा उपचारकै लागि भारतका विभिन्न अस्पतालहरु धाउनु पर्‍यो, मृत्युको मुखमै पुगियो र बाँच्ने आशा पनि मारेको थिएं, अन्तिममा नेपालकै प्राकृतिक चिकित्सालयमा आएर सबै रोगबाट मुक्त भएको छुं,'-मुख्यमन्त्री आचार्यले भने-'भाग्य वा संयोगले मुख्यमन्त्री हुन लेखेको रहेछ, मेरो कार्यकालमा स्वास्थ्य क्षेत्रलाई विशेष प्राथमिकता दिएर काम गर्ने सोंचेको छु, राज्यले एलोपेथिक र आयुर्वेदिक क्षेत्रमा लगानी गरे जस्तै प्राकृतिक चिकित्सामा पनि थप अध्ययन, अनुसन्धान गरी लगानी गर्नुपर्छ भन्ने लाग्छ।'

**मणिमुकुन्द...**

वार्षिक योजना बनाएर उद्यानको विकासका लागि काम अघि बढाइएको भन्दै सिलवालले भविष्यमा उद्यानलाई बुटिक उद्यानका रुपमा विकास गरिने लक्ष्य रहेको बताए । १५औं शताब्दीमा मणिमुकुन्द सेन राजाले निर्माण गरेको शीतकालीन दरबार अवशेष पनि फूलबारीमा छ।

२०३६ सालमा फूलबारी पार्कको रूपमा स्थापना भएकोमा २०५४ सालदेखि मणिमुकुन्द सेन उद्यान पार्कको नाममा पार्क सञ्चालन गरिएको छ। १५ बिघा क्षेत्रफलमा रहेको पार्कलाई २५ बिघामा विस्तार गरी पूर्वाधार निर्माणको काम भइरहेको राष्ट्रिय उद्यान संरक्षण समितिका अध्यक्ष खेम लुइँटेल बताउँछन्।

पार्कमा पुराना भग्नाबशेष दरबार, वनजंगल, फूलबारी, झरना, शहीदस्तम्भ र चिडियाखानासमेत छ।


**बुटवल सुनचाँदी व्यवसायी संघ**
बुटवल, रुपन्देही
मितिः २०८१/०४/०८ को
**सुनचाँदीको बजारभाउ**
छापा सुन प्रति तोला : १,४६,८००
तेजावी सुन प्रति तोला : १,४६,१००
चांदी प्रति तोला :१,८२०



**तिलोत्तमा नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
मणिग्राम, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

**कबाडी मालवस्तु निकासी ठेक्काको बोलपत्र आह्वान सम्बन्धी १५ दिने सूचना**

(तेस्रो पटक सूचना प्रकाशित मिति : २०८१/०४/०९)

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ५९ तथा तिलोत्तमा नगरपालिकाको सार्वजनिक खरिद नियमावली २०७६ को परिच्छेद १२ बमोजिमआ.व.२०८१/०८२ को लागि कबाडी मालवस्तु निकासी कर उठाउने कार्यको ठेक्का प्रकृयाबाट आय वन्दोवस्तिगर्नुपर्ने भएको हुँदा देहायको शर्तको अधिनमा रही कार्य गर्न ईच्छुक फर्म/कम्पनीबाट बोलपत्र आह्वान गरिन्छ।

शर्तहरु

- बोलपत्रको फाराम निवेदन साथ एनआईसी एशिया बैंक मणिग्राम शाखामा रहेको आन्तरिक आय खाता नं.१०५२०५५४९९५९९०१२ मा रु.३०००।- (फिर्ता नहुने गरि) जम्मा गरेको सक्कलै भौचर वा रसिद, फर्म/कम्पनी दर्ता प्रमाणपत्र, आ.व.०७९/०८० को आयकर चुक्ता प्रमाणपत्र र मू.अ.कर दर्ता प्रमाणपत्रसंलग्न गरि यो सूचना प्रकाशन भएको मितिले १५ दिनको कार्यालय समय भित्र कार्यालयको राजस्व शाखाबाट लिन सकिनेछ।
- ठेक्काको विवरण देहाय बमोजिम रहेको छ।

| क्र.सं | आय ठेक्का नं. | कामको विवरण | न्युनतम अंक रु. | बोलपत्र दस्तूर |
|---|---|---|---|---|
| १ | ०१/२०८१/०८२ | कवाडी मालवस्तु निकासी कर उठाउने कार्य | ६५,५२,०००।- | ३,०००।- |

- ठेक्का सम्बन्धि विस्तृत सूचना यस कार्यालयको वेवसाईट www.tilottamamun.gov.np मा हेर्न सकिनेछ।



**ट्वाइलेट सफा गराउनुहोस्**
तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।
- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२



**ट्वाइलेट सफा गराउनुहोस्**
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।
सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३



**ट्वाइलेट सफा गराउनुहोस्**
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

# हिउँदे खोलामा सडक भासियो

## दैनिक ११ घण्टा सवारी साधन सञ्चालनमा रोक



**कृष्ण पोखरेल**
*पाल्पा*

सिद्धार्थ राजमार्गको तानसेन - बुटवल सडक खण्डअन्तर्गत हिउँदे खोला क्षेत्रमा सडक भासिएपछि रातीको समयमा यातायातका सवारी साधन सञ्चालनमा रोक लगाइएको छ । सडक भासिएको क्षेत्र हिउँदे खोलामा जुनसुकैबेला पनि सञ्चालनमा रहेको सडक भासिने अवस्था रहेकोले मानवीय तथा भौतिक क्षती नहोस् भनी रातीको समयमा यातायातका सवारी साधन सञ्चालनमा रोक लगाइएको प्रमुख जिल्ला अधिकारी आनन्द काफ्लेले बताए । श्रावण ९ गते बेलुका ७ बजेदेखि बिहान ६ बजेसम्म अर्को व्यवस्था नभएसम्म ११ घण्टा सवारी साधन आवत जावतमा रोक लगाएको प्रजिअ काफ्लेले बताए । अत्यावश्यक एम्बुलेन्स जस्ता सवारी साधन सञ्चालन गर्नुपर्ने बाध्यता भएमा प्रहरीसँग समन्वय गरेर मात्र सञ्चालन गर्न पाल्पा प्रशासनले अनुरोध गरेको छ । उक्त क्षेत्रको सडकको अवस्था निरीक्षणको लागि काठमाडौंबाट प्राविधिक झिकाएको र २४ घण्टा यातायात सञ्चालनको लागि जाली ग्याविनको काम सुरु भएको प्रजिअ काफ्लेले बताए । मंगलबार दिनभरी नै सडक भासिएको क्षेत्रमा यातायात सूचारुको लागि सुरक्षाकर्मी खटिएको प्रजिअ काफ्लले जनाए ।

भासिएको सडक क्षेत्रमा हाल एकतर्फी रुपमा सडक सञ्चालनमा रहेको छ । सोमबारदेखि सडक भासिन सुरु गरेको हिउँदे खोला क्षेत्रमा मंगलबार पुनः सडक भासिदा डिभिजन सडक कार्यालय पाल्पाले केही मर्मत गरेर एकतर्फी रुपमा सडक सञ्चालनमा ल्याएको छ । सञ्चालनमा रहेको एकतर्फी सडक जुनसुकै समयमा पनि भासिन सक्ने भन्दै जिल्ला प्रशासन कार्यालय पाल्पाले अत्यावश्यकका सवारी साधन बाहेक यात्रा नगर्न सर्वसाधरणमा अपिल गरेको छ ।

हिउँदे खोलाको उक्त क्षेत्र निकै जोखिममा रहेको छ, माथि डाइभर्सन गर्न सकिने अवस्था छैन, सडक भासिएको क्षेत्रमा पानीको मूललाई प्लास्टिक लगाएर सिपेज हटाउने काम गरेका छौं, रातीमा काम गर्न सकिने अवस्था छैन, बुधबारदेखि जाली ग्याविन गरेर सडक मर्मत काम गरिने डिभिजन सडक कार्यालय पाल्पाका सूचना अधिकारी दुर्गा गौतमले बताए ।

भासिएको हिउँदे खोला क्षेत्रमा डोजर स्काभेटर तयारी अवस्थामा राखिएको कार्यालयले जनाएको छ । २ वर्षअघि पनि उक्त क्षेत्रमा सडक भासिएर ३ दिनसम्म यातायात बन्द भएको थियो । तानसेन बुटवल सडकको वैकल्पिक व्यवस्थाको लागि साना सवारी साधनहरुलाई डुम्रे मस्याम झुम्सा सडक सञ्चालनको लागि तिनाउ गाउँपालिकालाई आवश्यक समन्वय तथा सहयोग गर्न प्रशासनले अनुरोध गरेको छ ।

# महासंघमा निर्वाचितलाई सम्मान

बुटवल । बुटवल सुनचाँदी व्यवसायी संघ, रुपन्देहीले हालै सम्पन्न नेपाल सुनचाँदी व्यवसायी महासंघको चौथो अधिवेशनबाट निर्वाचित सदस्य तथा लुम्बिनी प्रदेशको दोस्रो अधिवशेनबाट निर्वाचित पदाधिकारी एवं सदस्यहरुलाई सम्मान तथा बधाई ज्ञापन गरेको छ । सो अवसरमा महासंघको बैठकबाट विभिन्न उप-समितिहरुमा मनोनित सदस्यहरुलाई पनि सम्मान गरिएको थियो । बुटवलमा आयोजित सो कार्यक्रममा संघले नेपाल सुनचाँदी व्यवसायी महासंघको चौथो अधिवेशनबाट निर्वाचित सदस्यद्वय दिपककुमार विक र चेतनारायण विक एवं लुम्बिनी प्रदेशको दोस्रो अधिवशेनबाट उपाध्यक्षमा निर्वाचित हरिबहादुर सुनार र सदस्य प्रकाशमणि विश्वकर्मालाई सम्मान गरेको हो ।

सो अवसरमा बोल्दै नवनिर्वाचित केन्द्रीय सदस्य चेतनारायण विकले सुनचाँदी व्यवसायीहरुको हकहितका लागि आफूले इमानदारिताकासाथ काम गर्ने प्रतिबद्धता जनाए । अर्का निर्वाचित सदस्य दिपककुमार विक, संघका अध्यक्ष गोकुल विश्वकर्मा, वरिष्ठ उपाध्यक्ष सुरशरत्न बज्राचार्य, लुम्बिनी प्रदेश उपाध्यक्ष हरिबहादुर सुनार, सदस्य प्रकाशमणी विश्वकर्मा, सचिव चुरामणी विक, प्रवक्ता कृष्ण सुनार, बुटवल महिला सुनचाँदी व्यवसायी संघकी उपाध्यक्ष सरु खड्काले व्यवसायिक एकतामा आउन सबैलाई आग्रह गरेका थिए । सो अवसरमा बुटवल सुनचाँदी व्यवसायी संघलाई नेपाल सुनचाँदी व्यवसायी महासंघले शाखाका रुपमा मान्यता प्रदान गरेको प्रमाणपत्र वाचन गरी सुनाइएको थियो ।

# मगर संघ बुटवलद्वारा वृक्षरोपण

बुटवल । नेपाल मगर संघ बुटवल उपमहानगर समितिले बुटवल-७ दीपनगरस्थित बाजेबजै थान परिसरमा वृक्षरोपण गरेको छ । संघले मंगलबार अशोका, गुलमोहर, टीक, धुपी, तेजपत्ता, अमला, वेगनवेलीलगायत प्रजातिका करिब ५ सय बिरुवा रोपण गरेको संघका बुटवल उपमहानगर अध्यक्ष बसन्ती साठिघरे मगरले जानकारी दिइन् । कार्यक्रममा बोल्दै संघका रुपन्देही जिल्ला अध्यक्ष थर्कबहादुर बारघरे मगरले पछिल्ला समय जलवायु परिवर्तनको व्यापक असर देखिन थालेकोले यसको असर न्यूनीकरणका लागि एक मात्र उपाय वृक्षरोपण रहेको बताए । बिरुवा रोप्ने कार्य गरेर मात्र नपुग्ने बताउँदै उनले रोपिएका बिरुवाहरुको संरक्षण गर्न आवश्यक रहेको औंल्याए । कार्यक्रमका संघका सल्लाहकारहरु इञ्जिनियर गमप्रसाद रेस्मी, गोपाल चौहान, प्रेम गलामी, संघका नगर उपाध्यक्ष लुमबहादुर सारु, सचिव हेमन्त बुढाथोकीमगरलगायतले संघले सामाजिक कामलाई पनि प्राथमिकता दिनुपर्नेमा जोड दिए । सोही अवसरमा बुटवल उप-महमनगरपालिका वडा नं. ८ निवासी ९६ वर्षीय बयोवृद्ध देउकली सारुमगरले आफ्नै सौजन्यमा धुपीका बिरुवा रोपेर वृक्षरोपणको शुभारम्भ गरिन् । वृक्षरोपणपश्चात् आयोजित बुटवल उप-महानगरपालिका वडा नं. ७ दीपनगरस्थित बाजेबजै थानमा यस क्षेत्रमा रहेका मगर समुदायले धार्मिक र साँस्कृतिक विश्वास र आस्थाको केन्द्रको रुपमा सदियौंदेखि पूजाआजा गर्दै आइरहेका छन् ।

# बस समिति र बुटवल हस्पिटलबीच उपचार सम्झौता



बुटवल । पश्चिम नेपाल बस व्यवसायी प्रालिमा आबद्ध व्यवसायी, कर्मचारी, मजदुरको उपचारमा छुट दिने गरी बुटवल हस्पिटल प्रा.लि.सँग सम्झौता भएको छ । सम्झौतापछि पश्चिम नेपाल बस व्यवसायी प्रा.लि.को सिफारिसमा आउने बिरामीहरुका लागि हस्पिटलले विशेष छुटसहित उपचार गर्ने गरी लिखित सम्झौता गरेको हो ।

सम्झौतामा बुटवल हस्पिटल प्रा.लि.का अध्यक्ष चुन्नप्रसाद शर्मा पौडेल र बस व्यवसायीका तर्फबाट सञ्चालक तथा दुर्घटना संयोजक जीवन बञ्जाडे र दुर्घटना शाखा प्रमुख सुरेश न्यौपानेले हस्ताक्षर गरेका छन् ।

सो अवसरमा हस्पिटलका अध्यक्ष पौडेलले बुटवल हस्पिटल आफ्नै भवनमा सुविधासम्पन्न तरिकाले अघि बढेकाले अबका दिनमा यहाँका बिरामीहरु उपचारका लागि काडमाडौं वा भारतीय शहरहरुमा जानु पर्ने अवस्थामा कमी ल्याउने बताए । भारतीय शहरहरुमा उपचारका लागि जाँदा ठूलो धनराशी देश बाहिर गएको भन्दै उनले त्यसलाई रोक्न बुटवलमै गुणस्तरीय सेवा दिएको दाबी गरे । बस समितिका सञ्चालक बञ्जाडे र दुर्घटना शाखा प्रमुख सुरेश न्यौपालेले अस्पतालसँग सम्झौता भएसँगै अब प्रालिका कर्मचारी, मजदुर व्यवसायी र उनीहरुको परिवारको उपचार विशेष छुट र सहजतापूर्वक हुने बताए ।

# दाङमा जडीबुटी उत्पादन बढ्यो

देउखुरी (दाङ) । दाङमा जडीबुटी उत्पादन बढेको छ । टिमुर, हर्रो,बर्रो,त्रिफला, लहरेगुर्जो मालागेडी उत्पादनमा वृद्धि भएको डिभिजन वन कार्यालयले जनाएको छ ।

आर्थिक वर्ष २०८०-०८१ मा ६ लाख किलो जडिबुटी उत्पादन भएको छ । गत आर्थिक वर्षमा निजी वनबाट सबैभन्दा धेरै टिमुर उत्पादन भएको थियो । उक्त आवमा टिमुर एक लाख ४९ हजार ६ सय ७० किलो, मालागेडी एक लाख ३९ हजार ६ सय २० किलो, रिठा ८३ हजार ८ सय ७० किलो, तेजपात ४३ हजार ४ सय ५० किलो, काउलो ३६ हजार ५ सय किलो, दालचिनी ३५ हजार २० किलो, कालिकाठ २९ हजार ३ सय ७० किलो उत्पादन भएको छ ।

वन डिभिजन कार्यालयका अनुसार चुत्रो ९ सय ४० किलो, अमला ५ सय किलो, गुर्जो लहरा १ हजार किलो र तिगेडी ६ हजार ४ सय ६० किलो उत्पादन भएको छ ।

उक्त कार्यालयका प्रमुख मोहनप्रसाद श्रेष्ठका अनुसार आर्थिक वर्ष २०७८-०७९ मा रु ६ लाख ३८ हजार राजस्व सङ्कलन भएको थियो । आर्थिक वर्ष २०७९-०८० मा त्यो घटेर रु ५ लाख ६१ हजार ५ सयमा सीमित भएको थियो । यद्यपि गत आर्थिक वर्ष २०८०-०८१ मा जडीबुटी सङ्कलन इजाजत बापतको राजस्वमा केही सुधार भएको छ । उक्त अवधिमा रु ५ लाख ७६ हजार ७ सय राजस्व सङ्कलन भएको छ । आर्थिक वर्ष २०७८-०७९ मा २९ हजार ५ सय ५० किलो टिमुर उत्पादन भएकामा आर्थिक वर्ष २०७९-०८० मा त्यो घटेर १३ हजार किलोमा झरेको थियो । आर्थिक वर्ष २०७८-०७९ मा दाङको राष्ट्रिय र निजी वनबाट २ लाख ४१ हजार ७ सय ४२ किलो काठ बेचिएको थियो । टिमुरका लागि दाङ पकेट क्षेत्रका रुपमा रहेको जिल्लाको बङ्गलाचुली गाउँपालिकासहित घोराही उपमहानगरपालिकाको वडा नम्बर १ र १८, तुलसीपुर उपमहानगरपालिकाको १९, शान्तिनगर गाउँपालिकालगायत पहाडी क्षेत्रमा पनि यसको उत्पादन आएको छ ।

**विपत्तिबाट बचौं र बचाऔं.................**

-विपत्तिबाट बच्न पूर्व तयारी गरौं,
-बाढी र पहिरोजस्ता प्राकृतिक प्रकोपबाट बचौं,
-विपत्तिमा परेकालाई उद्धार र पुनः स्थापनामा सहयोग गरौं,
-विकास निर्माणका कार्य गर्दा वातावरणीय पक्षमा ध्यान दिऔं ।
-पानीको बहाव क्षेत्रमा बसोबास नगरौं, नगराऔं ।
-बाढी र पहिरोको जोखिमबाट बच्न पूर्व सावधानी अपनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

**साझा विज्ञापन दररेट सार्वजनिक गरिएको सूचना**

दैनिक लुम्बिनी | दैनिक पत्र | तिलोत्तमा | मेचीकाली सन्देश | बुटवल टुडे

पत्रकारितामा मोफसलको राजधानी बुटवलबाट प्रकाशित हुँदै आएका नेपाल सरकार प्रेस काउन्सीलद्वारा राष्ट्रिय स्तरमा सूचिकृत लुम्बिनी प्रदेशमा सर्वाधिक विक्रि हुने पत्रपत्रिकाहरु दैनिक लुम्बिनी, मेचिकाली सन्देश दैनिक, दैनिक पत्र दैनिक, बुटवल टुडे दैनिक र नव तिलोत्तमा दैनिकले आर्थिक वर्ष २०८१/८२ को लागि साउन देखी लागु हुनेगरि विज्ञापनको साझा दररेट निम्नानुसार हुने व्यहोरा सवैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| पृष्ठ | गैर सरकारी (प्रति कोलम से.मी) | | सरकारी विज्ञापन (प्रति कोलम से.मी.) | |
|---|---|---|---|---|
| | रंगीन | श्यामस्वेत | रंगीन | श्यामस्वेत |
| पहिलो पृष्ठ | ८०० | ७०० | १४०० | १२०० |
| अन्तिम पृष्ठ | ७०० | ६०० | | |
| भित्रि पृष्ठ | ६०० | ५०० | | |

एयर प्यानल — रू. २००० प्रति अंक
राहदानी हराएको सूचना — रू २००० प्रति राहदानी
वर्गीकृत डिस्प्ले — कलर रु ७००, श्यामश्वेत रु ५०० प्रति अंक

नोट : विज्ञापनको प्रकृति, परिमाण, अग्रिम भुक्तानीको आधारमा छुटको सुविधा प्रदान गरिनेछ ।

**आकर्षक डिजाइन तथा छपाई**

सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधैं हामीलाई सम्झनुहोस्

सम्पर्कः
आइडिया डिजाइनर्स/अफसेट प्रेस
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३
मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

**ट्वाइलेट सफा गराउनुहोस्**
बुटवल सेनेटरी प्रा.लि.
९७४५४०५९७३, ९८०७४०९८५२
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस् ।

गगन सेनेटरी ९८६७०२१६१४, ९८१५४४७६४८
मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१८५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
गगन सेनेटरी (२) ९८०४४१३२८७, ९८१२९८६३१७
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०

नेपाल सरकारद्वारा मान्यता प्राप्त पश्चिम नेपालकै पहिलो बहु विशेषज्ञ दन्त अस्पताल
**आले डेण्टल हस्पिटल प्रा. लि.**
श्रवणपथ, बुटवल-६, रूपन्देही, नेपाल (भुड्कीचोक देखि ५० मिटर पूर्व)
071-530108, 532544 dentalhospitalale@gmail.com www.aledentalhospital.com
दाँत, मुख तथा गिजा उपचार केन्द्र






"Healthy Smile, Happy Life" Our Location "स्वस्थ मुस्कान, खुशी जीवन"

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dainiklumbiniadd@gmail.com (Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइडः www.lumbinipatrika.com